# टीकापुर नगरपालिकाका नगर प्रमुख तपेन्द्र बहादुर रावलले नवौं नगर सभा समक्ष प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम
## ६ असार, २०७८

**E-mail : tikapurmun@gmail.com**

**Website : tikapurmun.gov.np**

# टीकापुर नगरपालिका

## टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्ष २०७८/०७९ का लागि नीति तथा कार्यक्रम

**आदरणिय नगरसभाका सदस्यज्यूहरू,**

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै टीकापुर नगरपालिकाले तय गरेको **"उत्पादनशिल, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सु-व्यवस्थित पर्यटकीय नगर"** को दीर्घकालीन सोच पुरा गर्ने तर्फ प्रतिवद्ध रही विश्व मानव समुदायनै कोभिड-१९ (कोरोना भाईरस) संग जुधीरहेको यस चुनौतीपूर्ण र असहज घडीमा सम्मानित नवौं नगरसभा समक्ष टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२. नेपालको शासन प्रणालीको ईतिहासमा विभिन्न कालखण्डहरुमा भएका मुक्तिका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाईते र अपाङ्ग योद्धाहरु प्रति श्रद्धासुमन अर्पण गर्दै टीकापुरलाई स्थापना कालदेखिनै कुसल नेतृत्व प्रदान गरी अहिलेको अवस्थासम्म ल्याउनुहुने सम्पूर्ण अग्रजहरुलाई यस अवसरमा स्मरण गर्दै वहाँहरुको योगदान प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. कोभिड-१९महामारीको दोश्रो लहरबाट विश्वनै आक्रान्त भईरहेको यस विषम परिस्थितीमा यस नगरपालिकाले पनि उल्लेख्य संख्यामा मानवीय क्षतीको सामना गर्नुपर्‍यो । सङ्क्रमित भई जीवन गुमाउनु हुने नागरिकहरु प्रति हार्दिक श्रद्धान्जलीका साथै शोकाकुल परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सङ्क्रमित ब्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. कोरोना भाईरस विरुद्धको अभियानमा सहयोग र सहकार्य गर्नुहुने सम्पूर्णप्रति आभार ब्यक्त गर्दै यस कठिन परिस्थितीमा जीवन रक्षाका लागि सरकारबाट लिईएको नीतिको परिपालना गरी कोभिड-१९ को नियन्त्रणमा सहयोग गर्नु भएकोमा नगरवासी लगायत सबैलाई धन्यवाद दिन चाहान्छु । आगामी दिनमा पनि यस नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार र नागरिक संघसंस्थाहरुसँगको सहकार्य र समन्वयमा अझ बढी सतर्कता, समन्वय एवम् दृढताका साथ प्रभावकारी रुपमा महामारी विरुद्ध जुध्ने प्रण गर्दै थप सतर्कता र संयमता अपनाउन समेत सम्पूर्ण नगरवासीमा अपिल गर्दछु ।

५. टीकापुर नगरपालिकाले **"सबै जुट्ने छौ, महामारीलाई जित्ने छौ"** भन्ने आत्मविश्वासका साथ कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नगरपालिकाले स्वास्थ्य परीक्षण,

जनशक्ति व्यवस्थापन र पूर्वाधार समेत व्यवस्थापन लगायतका विशेष कार्यक्रमहरु सन्चालन गरिरहेको छ । संक्रमणबाट मानवीय क्षति व्यहोरेका परिवारहरुको हौसला र सहानुभुतिका लागि स्थानीय सरकारको तर्फबाट प्रत्यक्ष भेटघाट र अन्त्येष्टि खर्च उपलब्ध गराईएको छ भने कोभिड -१९ कोषको स्थापना सहित विविध कार्यक्रम संचालन गरिरहेको छ ।

६. उत्तरदायी सरकारको अवधारणा आत्मासात गर्दै सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न र जवाफदेही विहिन स्थिति अन्त्य गर्दै स्थानीय तहको शासन प्रकृया तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय र सहभागीतामुलक बनाउन हामी दृढ संकल्पित छौं । समय सापेक्ष नीतिगत, संस्थागत तथा कानून निर्माण गरी अघि बढीरहेका छौं ।

**नगरसभाका सदस्यज्यूहरू,**

अब म यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा भएका उपलब्धिको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु ।

७. यस टीकापुर नगरपालिकाका सम्पूर्ण वडालाई दीगो सडक सञ्जाल सँग जोड्न प्रत्येक वडामा कालोपत्रे सडक पुऱ्याउने लक्ष्य अनुरुप **"एक वडा एक गौरवको सडक योजना"** कार्यक्रम अन्तर्गत चालु आ.व.२०७७/७८ मा १९.६३ कि.मी. सडक कालोपत्रे, २६.४५ कि.मी.ग्राावेल तथा माटो पटानी गरिएकोछ साथै सडक निर्माण तथा विस्तारका लागि ६.३८ कि.मी.नयाँ ट्र्याक खोल्ने र रेखांकन गर्ने कार्य अघि बढेको छ ।

८. सामुदायिक पशुचौपायाबाट उत्सर्जन भएको फोहोरबाट बाँयो ग्यास उत्पादन गरी वैकल्पिक उर्जाको प्रवर्द्धन गर्ने उद्देश्यले २०० घन मीटर क्षमताको बाँयो ग्यास प्लान्ट निर्माणको कार्य अगाडी बढाइएकोछ ।

९. टीकापुर नगरपालिका मूख्य बजार क्षेत्रको ढल व्यवस्थापनका लागि खानेपानी मन्त्रालय अन्तर्गत साना शहरी आयोजना व्यवस्थापन कार्यालयको सहयोगमा ढल व्यवस्थापन सम्बन्धी कार्य निर्माणाधिन अवस्थामा रहेकोछ ।

१०. यस नगरपालिका भित्र रहेका विपन्न घर परिवारका लागि सुरक्षित आवासको व्यवस्था गर्ने उद्देश्यले प्रदेश विशेष अनुदान कार्यक्रम मार्फत चालु आ.व.मा वडा नं.८ को बटनपुरमा ९ वटा सुरक्षित आवास भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरण हुन बाँकी रहेको र तराई मधेश समृद्धि कार्यक्रम मार्फत वडा नं.१ को शक्तिनगर शिविरमा ७ वटा सुरक्षित आवास भवन निर्माणाधिन अवस्थामा रहेको छ । यसरी हाल सम्म यस नगरपालिकामा सुरक्षित आवास प्राप्त गर्ने परिवार संख्या ३० रहेकोछ ।

११. टीकापुर क्षेत्रभित्र वर्षातको समयमा जम्मा हुने पानीको निकासका लागि पूर्वाधार विकास अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाइ, धनगढी, कैलाली मार्फत सघन शहरी विकास कार्यक्रम अन्तर्गत ढल व्यवस्थापन र मानव मलमूत्र व्यवस्थापन प्रणालि निर्माण आयोजनाको ठेक्का प्रक्रिया सम्पन्न भई निर्माणको क्रममा रहेकोछ ।

१२. यस नगरपालिकाको सबै वडालाई दिगो सडक सञ्जाल संग जोड्ने उद्देश्यले ४३.७५ कि.मी.लामो बाह्य चक्रपथ (शुरु विन्दु टीकापुर वडा नं.१ मेन्था मिल-शंकरपुर-गोलौरी-रामपुर-ओखरपुर-बेलुवा-दिव्यपुर-प्रतिपुर-बैदि-बालुवाटार-वनगाँउ-सत्तीबजार-पहाडिपुर-मनिकापुर-दौलतपुर-नुक्लिपुर-विकासपुर-सीतापुर-मिलनचोक-बिजयनगर-भु.पू.सैनिकको कार्यालय-वन कार्यालय-सीटी बसपार्क देखि अन्तिम विन्दु १५० फिट सडक) को निर्माण संभाव्यता अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण समेत भई सकेकोछ ।

१३. चालु आ.व.को हाल सम्मको अवधिमा यस नगरपालिका क्षेत्र भित्र रहेका १५३ जना अपांगता भएका व्यक्तिहरुलाई डिजिटल प्रविधिबाट अपांगता परिचय पत्र वितरण गरिएको छ । साथै ३० जनालाई व्हिल चेयर, ७ जनालाई ट्राइसाइकल लगायत अन्य सहयोगी सामाग्री वितरण गरिएको छ ।

१४. यस नगरपालिकामा सेवा लिन आउने अपांगता भएका सेवाग्राहीका लागि सहायता कक्ष ( Help Desk) र स्तनपायी महिला सेवाग्राहीहरुलाई लक्षित गरी स्तनपान कक्षको स्थापना गरिएकोछ । हिंसा पिडित महिलाहरुको सुरक्षा र संरक्षणका लागि सुरक्षित गृह (Safe House) निर्माण कार्य अगाडी बढी सकेकोछ ।

१५. बाल विवाहलाई निरुत्साहित गर्दै महिला शसक्तिकरणमा बढावा दिन र समयमै जन्म दर्ता गर्न उत्प्रेरित गर्ने उद्देश्यले यस नगरपालिकामा स्थायी रुपमा बसोवास भएका परिवारमा आ.व.०७६/७७ देखि जन्म भएका बालिकाहरुको नाममा बैंक खाता खोली नगरपालिकाको तर्फबाट प्रति वर्ष रु.१,०००।० का दरले २० वर्ष सम्म रकम जम्मा गर्ने गरी शुरु गरिएको **"हाम्री छोरी, प्यारी छोरी कार्यक्रम"** अन्तर्गत अहिले सम्म ५१३ जना बालिकाहरुको नाममा खाता खोली रकम जम्मा गरिएको छ ।

१६. नैसर्गिक अधिकारको रुपमा रहेको पूर्ण खोप पाउने बालबालिकाको अधिकारको संरक्षण गर्दै कैलाली जिल्ला अन्तर्गत प्रथम **पूर्ण खोप नगरपालिका सुनिश्चितता घोषणा** गर्न सफल भएका छौं ।सुदूरपश्चिम प्रदेशको स्थानीय तह अन्तर्गत स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान गरे वापत २०७६/०७७ को प्रदेश स्तरीय बार्षिक समीक्षा कार्यक्रममा सम्मान- पत्र प्राप्त गर्न यस नगरपालिका सफल भएकोछ ।

१७. कोभिड- १९ महामारीको नियन्त्रण तथा रोकथामका लागि विभिन्न संयन्त्रहरुको निर्माण गरी प्रभावकारी रुपमा परिचालन गरिएकोछ, भारतबाट त्रिनगर, गड्डाचौकी लगायतका नाकाहरुबाट आएका व्यक्तिहरुलाई PCR / Antigen जाँच गराई समुदायमा संक्रमण रोक्नबाट बचाउने कार्य गरी रहेकोछ । हाल सम्म ८२७ जनाको पि.सि.आर.विधि र ३६९ जनाको Antigen विधिबाट जाँच गरिएको छ ।

१८. यस नगरपालिकामा कोभिड-१९को नयाँ भेरियन्ट बाट मृत्यु भएकाहरुको घर परिवारका लागि राहत स्वरुप प्रति परिवार रु.१०,०००।- (दस हजार मात्र) का दरले अन्त्येष्टि खर्च उपलब्ध गराईएकोछ । होम आईसोलेशनमा रहेका ३०१ जना मध्ये २८४ जना सन्चो भईसकेको र हाल २३ जना संक्रमित उपचारमा रहेका छन् । यस नगरपालिका क्षेत्र भित्र कोभिड-१९ रोग विरुद्धको पहिलो खोप प्राप्त गर्नेको संख्या १०,१३३ र दोश्रो खोप प्राप्त गर्नेको संख्या २,६६९ रहेकोछ ।

१९. सबै उमेर समूहका व्यक्तिका लागि स्वास्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य अनुरुप टीकापुरवासीलाई रगतको अभावमा अकालमा ज्यान गुमाउन नपरोस भन्ने उद्देश्यले सञ्चालित **निःशुल्क रक्तसंचार सेवा सञ्चालन कार्यक्रम** मार्फत चालु आ.व.मा ७३ जना सहित हाल सम्म जम्मा ४२८ जनालाई सेवा प्रदान गरिएकोछ । त्यसैगरी गर्भवती महिलाहरुलाई पूर्ण संस्थागत सुत्केरी सेवा दिन घर देखि अस्पताल (Home to Hospital) कार्यक्रम मार्फत हालसम्म ८६ जनालाई सेवा दिईएकोछ ।

२०. नगरपालिकाको तर्फबाट टीकापुर अस्पतालमा बालरोग र स्त्री रोग विशेषज्ञको व्यवस्था गरी चालु आ.व.मा ९७७१ जना बालबालिका र १०३३ जना महिलाहरुलाई विशेषज्ञ सेवा उपलब्ध गराईएको छ ।

२१. **ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम** अन्तर्गत ४६३ जना गर्भवती महिलालाई निः शुल्क सेवा प्रदान गर्नुका साथै **आमासंग उपमेयर कार्यक्रम** (पोषण कोसेली) अन्तर्गत ४७८ जना सुत्केरी आमालाई सेवा प्रदान गरिएको छ ।

२२. सुष्मा कोईराला मेमोरियल अस्पताल, साखु काठमाण्डौसंगको सहकार्यमा टीकापुरमा निःशुल्क प्लास्टिक सर्जरी शिविर सञ्चालन गरी ७०७ जनालाई सेवा प्रदान गरिएकोछ ।

२३. टीकापुर क्षेत्रभित्र रहेका एच.आई.भि.संक्रमित भई रोग प्रतिरोधात्मक औषधीसेवन गरी रहेका संक्रमितहरुलाई पोषणयुक्त आहारा उपलब्ध गराउने उद्देश्यले प्रति व्यक्ति वार्षिक रु. ५०००।- (पांच हजार) का दरले ८० जनालाई पोषण खर्च उपलब्ध गराईएकोछ ।

२४. नगरपालिका क्षेत्र भित्र रहेका भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्य सम्पन्न गरिएकोछ जस अन्तर्गत भूमीहिन सुकुम्वासीहरुको संख्या ३०९९ र अव्यवस्थित बसोवासीहरुको संख्या ६७७० गरी जम्मा ९८६९ संख्या रहेकोछ ।

२५. संस्थागत सुदृढिकरण गर्दै कर्मचारी प्रशासनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कर्मचारीहरुमा उच्च मनोवल सहित सेवाभाव विकास गर्न चालु आ.व.मा विभिन्न पदमा कार्यरत ४३ जना कर्मचारीहरुको स्तरवृद्धि गरिएकोछ ।

२६. नगरवासीहरुलाई आवश्यक सेवा सुविधाहरु घरदैलो नजिकबाटै उपलब्ध गराउने उद्देश्यका साथ प्रशासनिक संरचना निर्माणलाई प्राथमिकतामा राखि अगाडि बढाइएकोमा चालु आ.व.मा वडा नं.२ र ९ को वडा कार्यालयको प्रशासनिक भवन निर्माण सम्पन्न भएकोछ । यसरी आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह गर्ने वडाको संख्या ६ पुगेकोछ भने वडा नं.५ र ६ को प्रशासनिक भवनका लागि संझौता भई निर्माण कार्य अगाडि बढि रहेकोछ । यसैगरी सबै वडाका स्वास्थ्य संस्थाहरुले आफ्नै भवनबाट सेवा शुरुवात गरिसकेको अवस्था छ ।

२७. व्यक्तिगत घटनादर्ता सम्बन्धी अभिलेखलाई सुरक्षित, व्यवस्थित र वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्न सम्पूर्ण वडामा रहेका ५५,४८० घटना दर्ता अभिलेखलाई डिजीटल प्रविधिबाट सुरक्षित गरिएको छ ।

२८. न्यायमा सबैको पहुँच पुऱ्याउने उद्देश्यका साथ सर्वसुलभ रुपमा न्याय प्रदान गर्ने कार्यमा सहजता प्रदान गर्न नगरपालिकाको प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गर्नुका साथै ८२ जना मेलमिलापकर्तालाई मेलमिलाप सम्बन्धी तालिम प्रदान गरिएकोछ । तालिम पश्चात मेलमिलाप केन्द्रद्वारा चालु आ.व.मा ८३ वटा विवादहरु समाधान गरिएको छ भने नगरपालिका स्तरीय मेलमिलाप केन्द्र सञ्जाल समेत गठन भैसकेकोछ ।

२९. नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकार भित्र पर्ने कार्यलाई व्यवस्थित एवं प्रभावकारी रुपले सम्पादन तथा नियमन गर्नका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन हाल सम्म विभिन्न विषयका जम्मा ५९ वटा ऐन, नियम तथा कार्यविधि लगायतका कानूनहरु तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।

३०. शैक्षिक सत्र २०७७ देखी यस नगरपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा आधारभुत तहसम्मको शिक्षा निःशुल्क गरिएकोछ । शैक्षिक सत्र २०७८ को भर्ना अभियान कोभिड-१९ को कारण हुन नसकेपनि विद्यालयहरुले विद्यार्थीहरुका हातहातमा पाठ्यपुस्तक व्यवस्थापनका लागि रकम निकाशा गरिएको छ ।

३१. राष्ट्रपति रनिङ शिल्ड लगायतका विद्यार्थीका आन्तरिक प्रतिभा पहिचानका क्रियाकलापहरु सञ्चालन, आधारभुत तथा माध्यमिक विद्यालयमा विभिन्न प्रकारका छात्रवृति वितरण, विभिन्न विद्यालयमा भौतिक संरचना निर्माण, शैक्षिक सामग्री वितरण, विद्यालय व्यवस्थापन खर्च, खेलकुद प्रवर्द्धनका कार्यक्रम, गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण, विभिन्न विद्यालयमा खाजा वितरण, ICT खरिद तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गरिएकोछ ।

३२. यस नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने विषयमा नगरपालिकालाई ५ देखि ६० वर्ष भित्रका ९५ प्रतिशत भन्दा बढि मानिस साक्षर भैसकेको सन्दर्भमा यस नगरपालिकामा नगर साक्षर घोषणा कार्यक्रम अन्तिम चरणमा पुगेकोछ ।

३३. वडा नं.१ स्थित कर्णाली माध्यमिक विद्यालयको नमुना विद्यालय गुरुयोजना स्विकृत भई कार्यान्वयनको चरणमा रहेकोछ । साथै उक्त विद्यालयसम्म विद्यार्थीहरुको सहज यातायातको व्यवस्था मिलाउन एक वटा स्कूल बस समेत उपलब्ध गराईएको छ ।

३४. संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कृषक सहभागिता सहित ५० जना कृषकहरुलाई १०० वटा उन्नत गाई, ५० जना कृषकहरुलाई मासुका लागि पाडापालन कार्यक्रम अन्तर्गत २५० वटा उन्नत पाडा र ५० जना कृषकहरुलाई व्यवसाय उन्मुख गराउन २५० वटा उन्नत जातका बंगुर वितरण गरिएको छ । त्यसैगरी प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत १५ वटा साना व्यावसायिक भैंसीपालन फर्मलाई २५ वटा उन्नत भैंसी वितरण गरिएकोछ ।

३५. पशुहरुलाई खोप कार्यक्रम अन्तर्गत १९५०० वटा पशुलाई विभिन्न रोग विरुद्धका खोपहरु लगाइएको छ भने नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा कार्यक्रम अन्तर्गत ७५० वटा गाई, भैंसी र बाखामा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ ।

३६. पशु पोषण कार्यक्रम अन्तर्गत वर्षे, हिउँदे र डाले घाँस तथा बहुवर्षिय घाँसको बिउ र विरुवा वितरण कार्यक्रमबाट लाभान्वित हुने कृषकको संख्या ६७५ जना र मलाशेष ब्लक (Mineral Block) वितरण कार्यक्रमबाट लाभान्वित हुने कृषकको संख्या १२५ जना रहेको छ ।

३७. सामुदायिक पशुहरुबाट हुन सक्ने बालीनालीको क्षति र बजार क्षेत्रमा हुन सक्ने दुर्घटनालाई न्यूनिकरण गर्न सामुदायिक पशु व्यवस्थापन कार्यक्रम सञ्चालन गरी ६२५ वटा पशुलाई व्यवस्थापन गरिएकोछ ।

३८. विपन्न वर्गका महिला तथा अन्य नागरिकहरुको आर्थिक अवस्थामा सुधार ल्याउन उद्यमशिलताको विकास गरी लघु उद्यमी सिर्जना गर्ने उद्देश्यले यस नगरपालिकाको वडा नं.१ को ४ वटा बस्तीहरुका ९९ जनालाई उद्यमशिलता विकास तालिम र ६४ जनालाई व्यावसायिक सिप विकास तालिम प्रदान गर्नुका साथै ८ वटा लघु उद्यमी समूहको गठन गरी लघु वित्त र उपयुक्त प्रविधिमा पहुँच अभिवृद्धि गर्दै वस्तु र सेवाको बजारीकरणका लागि आवश्यक परामर्श समेत उपलब्ध गराउन शुरु गरिएको छ ।

३९. यस नगरपालिका भित्र व्यवसाय सञ्चालन गरीरहेका लघु उद्यमीहरुको स्तरोन्नति गरी उत्पादकत्वमा वृद्धि गर्नुका साथै उत्पादित वस्तु वा सेवाको गुणस्तरमा समेत सुधार गर्न सिलाई कटाई व्यवसायमा संलग्न ३७ जना महिलाहरुलाई कोट पाइन्ट तथा एडभान्स सिलाइ कटाइ सम्बन्धी तालिम प्रदान गरिएको छ ।

४०. स्थानीय बजार व्यवस्थापन सम्बन्धमा स्थानीय तहलाई प्राप्त अधिकारको कार्यान्वयन गरी गुणस्तरिय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई संरक्षण र सम्वर्द्धन गर्नका लागि संघ र प्रदेश सरकार मातहतका कार्यालयहरुको समेत सहभागितामा चालू आ.व.को हाल सम्मको अवधिमा ३७ वटा पसलहरुको अनुगमन गर्नुका साथै विभिन्न माध्यमबाट प्राप्त उजुरी/ गुनासोहरुको सम्बन्धमा आवश्यक छानविन गरी जरिवाना र अन्य कारबाही गरिएको छ ।

४१. टीकापुरलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउदै कृषकहरुको दीगो जिवीकोपार्जनका लागि निर्वाहमुखी कृषि पद्धतिलाई व्यावसायिक कृषिमा रुपान्तरण गर्न विभिन्न तालिम तथा कार्यक्रमहरुको आयोजना गरिएकोछ जस अन्तर्गत ४ हजारको संख्यामा तरकारी कम्पोजिट किट र अगुवा कृषकलाई १५० वटा प्लाष्टिक क्रेट वितरण गरिएको छ, ५० प्रतिशत अनुदानमा गहुँबाली उत्पादन प्रदर्शन कार्यक्रम अन्तर्गत २३५ क्विन्टल गहुँको बीउ, धानको बीउ वितरण कार्यक्रम अन्तर्गत ३२२ क्विन्टल धानको बीउ वितरण लगायत बसन्ते मकै बाली उत्पादन प्रदर्शन र आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम सञ्चालन गरिएकोछ ।

४२. टीकापुर क्षेत्रमा विगत वर्ष देखि विस्तार हुँदै गएको च्याउ खेतीलाई प्रवर्द्धन गर्न तालिम सञ्चालन गर्नुका साथै ७५ प्रतिशत अनुदानमा कन्ये च्याउको बिउ र च्याउ सुकाउने ड्रायर मेसिन वितरण गरिएकोछ ।

४३. शहरी वन विकास कार्यक्रम अन्तर्गत सडक किनारामा ८००।-(आठ सय) थान फलामे ट्री-गार्ड जडान सहित बृक्षारोपण कार्य अगाडि बढेकोछ ।

४४. राष्ट्रिय गौरवको आयोजना अन्तर्गत रानी,जमरा र कुलरिया सिंचाई आयोजना कृषि ईकाई कार्यालय, जल उपभोक्ता संस्था (कुलो संस्था) मुल समिति र नगरपालिकाको सहकार्यमा

टीकापुर विकास समितिले उपलब्ध गराएको जग्गामा शित भण्डार निर्माण सम्बन्धि कार्य अगाडी बढेको छ ।

**नगरसभा सदस्यज्यूहरू,**

४५. अब म नेपालको संविधान, दिगो विकास लक्ष्य, सङ्घ र प्रदेश सरकारका विभिन्न क्षेत्रगत नीति तथा आगामी आर्थिक वर्षको बजेट, यस नगरपालिकाको विगतका नीति तथा कार्यक्रम, नगर बृहत् योजना- २०७७ र स्थानीय राजनैतिक दल, नागरिक समाज तथा समाजसेवी बुद्धिजिवीहरुबाट विभिन्न अवसरमा प्राप्त राय, सल्लाह सुझाव समेतलाई आत्मसाथ गर्दै नगरपालिकाको आवश्यकता परिपूर्ति गर्न शिक्षा, स्वास्थ्य, कृषि, आर्थिक विकास, पूर्वाधारजस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखी टीकापुर नगरपालिकालाई **"उत्पादनशिल, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सव्यवस्थित पर्यटकीय नगर"** बनाउने उद्देश्य सहित आर्थिक वर्ष २०७८/०७९ को लागि लिईएका प्रमुख नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

४६. कोभिड-१९ महामारी मुक्त नगर बनाउन **"सबैका लागि खोप"** भन्ने नारालाई आत्मसाथ गर्दै टीकापुरवासीलाई कोभिड-१९ रोग विरुद्धको खोप प्रदान गर्ने कार्यलाई प्राथमिकतामा राखि महामारीको रोकथामका लागि अपनाउनु पर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरुको पालना गराईनेछ, संक्रमण परिक्षणको दायरा बढाउने, किट, औषधि, उपकरण र आवश्यक स्रोत साधनको उचित व्यवस्थापन गरी परिचालन गरिनेछ । साथै यस महामारीलाई नियन्त्रण र व्यवस्थापन गर्न टीकापुर अस्पतालसँगको सहकार्यमा अक्सिजन प्लान्ट स्थापना गरिनेछ ।

४७. कोभिड-१९ महामारी संक्रमण रोकथाम तथा उपचारका लागि कोभिड-१९ अस्थाई अस्पताल (आईसोलेशन वार्ड) लाई निरन्तरता दिईनेछ साथै खकौला नाका हेल्थ डेस्क मार्फत भारतबाट आउने सबै नागरिकहरुलाई Antigen जाँच गराई स्वास्थ्य निगरानी बढाईनेछ ।

४८. समुदायस्तरमा हरेक महिना **मेयर जेष्ठ नागरिक कार्यक्रम** संचालन गरी ४० वर्ष माथिका नागरिकको रक्तचाप, अल्बुमिन र मधुमेह जांच गर्ने व्यवस्था मिलाईनेछ ।

४९. यस नगरपालिकाद्वारा विगत वर्षहरु देखि नै सञ्चालित निःशुल्क रक्त संचार सेवा सञ्चालन कार्यक्रम र टीकापुर अस्पतालमा संचालन गरिएको बालरोग, महिला तथा स्त्री रोग विशेषज्ञ सेवालाई निरन्तरता दिईनेछ ।

५०. वडास्तरमा **ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम** लाई थप प्रभावकारी बनाउन जनशक्ति तयार गरी गर्भवती महिलाहरुलाई गुणस्तरीय सेवा प्रदान गर्नुका साथै घर देखि अस्पतालसम्म (Home to Hospital) कार्यक्रमलाई निरन्तरता दिदै **पूर्ण संस्थागत सुत्केरी न.पा.घोषणा अभियान** सञ्चालन गरिनेछ ।

५१. आधारभुत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बनाउन दर्ता सहयोगीहरुको क्षमता अभिवृद्धि गरी नगरवासीको घरदैलोसम्म सेवा पुऱ्याईनेछ ।

५२. सबै वडा तह देखि पूर्ण खोप सुनिश्चितता कार्यलाई संचालन गरी पूर्ण खोप नगर सुनिश्चिततालाई दिगोपना दिन अभियानको रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५३. **आमासंग उपमेयर कार्यक्रम** मार्फत सुत्केरी आमालाई पोषण खाद्य सामग्री वितरणलाई निरन्तरता दिइनेछ । **कुपोषणमुक्त नगरपालिका** घोषणा अभियान कार्यक्रम क्रमशः संचालन गरिदै लगिनेछ ।

५४. आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला बालबालिका, दलित, जेष्ठ नागरिकहरुको स्वास्थ्य स्थिति सुधारमा जोड दिदै पाठेघर खस्ने रोग तथा पाठेघरको मुखको क्यान्सर परीक्षण लगायतका स्वास्थ्य शिविर संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

५५. महिला स्वास्थ्य स्वयंसेवीकालाई प्रदान गरिदै आएको यातायात खर्चमा सत प्रतिशत बृद्धि गर्ने संघ सरकारको नीति अनुरुप अपुग रकम थप गरी उपलव्ध गराईनेछ । गत आ.व. देखि महिला स्वास्थ्य स्वंयसेवकहरुलाई प्रोत्साहन स्वरुप वडास्तरबाट साईकिल वितरण गर्दे आएकोमा आ.व.२०७८/७९ मा सबै महिला स्वास्थ्य स्वंयसेवकहरुलाई साईकिल वितरण गरिनेछ ।

५६. एच.आई.भी.संक्रमितहरुलाई प्रदान गर्दै आएको पोषण खर्चलाई निरन्तरता दिनुका साथै असहाय तथा गरिब प्रेषण गरिएका संक्रमितहरुलाई यातायात खर्चको व्यवस्था मिलाईनेछ । कडा रोग लागेका विपन्न नागरिकहरुलाई निःशुल्क औषधि उपचारका लागि आवश्यक पहल गरिनेछ ।

५७. नयाँ खोपको रुपमा टाईफाईड रोग विरुद्धको खोप संचालनमा ल्याईने छ र हात्तीपाईले रोग निवारण अभियानलाई निरन्तरता दिईनेछ । वडा हुँदै क्षयरोग मुक्त नगरपालिका घोषणा अभियान संचालन गरिनेछ ।

५८. विद्यालयमा साथी (दौतरी) शिक्षा कार्यक्रम मार्फत लागुपदार्थ दुर्व्यसनी लगायत विभिन्न कुलतबाट किशोरकिशोरीहरुलाई बचाउन थप विद्यालयहरुमा कार्यक्रम विस्तार गरिनेछ ।

५९. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी, गुणस्तरीय र जवाफदेहि बनाई आधारभूत स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्न टीकापुर नगरपलिकाको वडा नं.८ को श्रीलंकामा आधारभुत स्वास्थ्य केन्द्र र वडा नं.१ को ज्योतिनगरमा निर्माण सम्पन्न भएको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट थप सेवा सञ्चालनमा ल्याईने छ ।

६०. नगरवासीलाई सहज रुपमा एम्बुलेन्स तथा शव वाहन सेवा प्रदान गर्नका लागि एकीकृत रुपमा प्रेषण केन्द्र (Dispatch Center) को स्थापना गरी व्यवस्था मिलाउन आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

६१. यस नगरपालिकामा **नमुना स्वस्थ्य वडा कार्यक्रम** सञ्चालन गर्न ८ नं. वडामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ र ६ नं. वडालाई **पोषण मैत्री वडा** घोषणा गरिनेछ ।

६२. योग मार्फत रोग निदान गर्ने उद्देश्य सहित **आयुर्वेद स्वस्थ जीवन कार्यक्रम** संचालन गरिने छ । आयुर्वेद गाँउघर क्लिनिकलाई निरन्तरता दिँदै स्तनपायी आमा, जेष्ठ नागरिक, दिर्घ रोगी, विद्यार्थीलाई लक्षित गरी योग अभ्यास र योग शिक्षा सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।

६३. टीकापुर नगरपालिका क्षेत्रमा योगको आधारशिलाको रुपमा रहेको वडा नं. १ स्थित टीकापुर योग आश्रमलाई योग शिक्षालयका रुपमा विकास गर्दै लगिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

६४. निःशुल्क आधारभूत शिक्षालाई सुनिश्चितता प्रदान गर्न सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई विद्यालय सञ्चालन, नीजि शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापनका लागि उपलब्ध गराउदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

६५. **"सहकार्य, समन्वय र सहअस्तित्व"** अन्तर्गत रहेको संघ, प्रदेश र स्थानीय तहको सम्बन्धलाई बलियो बनाउन संघीय सरकारद्वारा ल्याईएको बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको न्युनतम सेवा सुविधा सम्बन्धी नीतिलाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६६. **"लोकतान्त्रिक गणतन्त्र नेपालको आधारः शिक्षा सबैको मौलिक अधिकार"** मूल नारालाई आत्मसात् गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेरका सबै बालबालिकाको विद्यालयमा पहुँच पुऱ्याईने तथा चार वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरिनेछ ।

६७. विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाउन तथा पोषणको सुनिश्चितता गर्न विद्यालय दिवा खाजा कार्यक्रमलाई विस्तार गरी निरन्तरता दिईनेछ ।

६८. **"बालबालिकाहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने"** भनि उल्लेख गरिएको शिक्षाको राष्ट्रिय उद्देश्यमा केन्द्रित रही बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास सहित उनिहरुमा रहेका अन्तरनिहित प्रतिभाहरु प्रस्फुटन गर्न अन्तर विद्यालय स्तरीय सहक्रियाकलाप सञ्चालन गरिनेछ साथै विद्यालयहरुलाई पनि यस्ता क्रियाकलापहरु गर्न प्रोत्साहन गरिनेछ ।

६९. **"दक्ष शिक्षक स्तरिय शिक्षाः उत्प्रेरित विद्यार्थी आजको आवश्यकता"** भन्ने नारालाई सार्थकता दिन सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरुको क्षमता विकास सम्बन्धी विभिन्न तालिम तथा कार्यशालाहरु सञ्चालनको व्यवस्था मिलाइनेछ ।

७०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय नक्साङ्कन (School Mapping) को आधारमा सार्ने, गाभ्ने र दरबन्दी मिलानको प्रकृया अगाडि बढाइनेछ ।

७१. विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय स्थापना तथा सूचना सञ्चार प्रविधिको स्थापना गरी त्यसको अधिकतम प्रयोग गर्न शिक्षकहरुलाई दक्ष बनाईनेछ । विद्यालय सञ्चालन, शैक्षिक क्रियाकलाप तथा विद्यालयका अन्य गतिविधिहरुको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ ।

७२. **"प्राविधिक शिक्षाः सबैको आवश्यकता"** भन्ने मूल नाराका साथ टीकापुर नगरपालिका भित्रका विद्यार्थीहरुलाई प्राविधिक शिक्षाको अध्ययन गराउन **मेयर प्राविधिक शिक्षा छात्रवृत्ति** र गरिब जेहेन्दार तथा विपन्न वर्गका विद्यार्थीहरुको शिक्षामा निरन्तरता सुनिश्चितता गराउन **उपमेयर अनाथ असहाय छात्रवृत्ति** को व्यवस्था गरिनेछ ।

७३. शिक्षण सिकाइ क्रियाकलापमा परेका समस्याहरु समाधान गर्न सम्पूर्ण शिक्षकहरुका लागि कार्यमूलक अनुसन्धान अनिवार्य गर्न शिक्षकहरुलाई प्रोत्साहित गरिनेछ ।

७४. **"टीकापुरको शानः विविधताको सम्मान"** मूल नाराका साथ स्थानीय कला, संस्कृति, परम्परा तथा चाडपर्वहरुको संरक्षण तथा संवर्द्धन गर्न र स्थानीय बजार, स्थानीय उत्पादन तथा स्थानीय उद्योगहरुको जानकारी गराई विद्यार्थीहरुमा आफ्नो स्थानीय स्तरमै आत्मनिर्भर बन्न सकिन्छ भन्ने भावनाको विकास गर्ने उद्देश्यमा केन्द्रित रही स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

७५. प्रत्येक वडामा वडा क्लब र विद्यालयमा बाल क्लव गठन गरी सामाजिक विकास, भौतिक विकास, प्राकृतिक प्रकोप नियन्त्रण तथा उद्धार, वातावरण संरक्षण, कला संस्कृतिको जगेर्ना तथा संरक्षण संवर्द्धन जस्ता कार्यमा अग्रसर हुन र नेतृत्व लिन प्रोत्साहित गरिनेछ ।

७६. **"स्वास्थ्य, अनुशासन र मनोरञ्जन"** भन्ने मूल नाराका साथ विद्यालयहरुमा खेलकुद र शारीरिक सुगठन जस्ता विधालाई निखार्दै मेयर कप, उपमेयर कप, राष्ट्रपति रनिङ्ग शील्ड हुदै राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी हुन विद्यार्थी तथा युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

७७. नगर क्षेत्रको खेलकुद विकासका लागि व्यवस्थित रंगशाला निर्माण र आवश्यक अन्य पूर्वाधारको विकास एवं विभिन्न खेलकुद कार्यक्रम संचालन गर्न सरोकारवाला पक्षसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

७८. टीकापुर नगरको शैक्षिक उन्नयन र राजनैतिक क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउनु भएका यस टीकापुरका संस्थापक नगर प्रमुख स्वर्गिय रत्न प्रसाद सञ्ज्यालको स्मृतिमा वीरेन्द्र विद्या मन्दिर सार्वजनिक शैक्षिक गुठिको छात्रावास हाता भित्र **"रत्न प्रसाद छात्रावास"** भवन निर्माण गरिनेछ ।

७९. टीकापुर नगरपालिका वडा नं. १ स्थित टीकापुरको इतिहासको रुपमा रहेको कैलाशेश्वर शिव मन्दिर क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुका साथै उक्त मन्दिरलाई धार्मिक एवं पर्यटकीय स्थलको रुपमा विकास गर्न DPR निर्माण गरी बहुवर्षिय योजनाको रुपमा मन्दिर निर्माण कार्यको थालनी गरिनेछ ।

८०. धर्म, कला, अध्यात्म र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकासका लागि विविध कार्यक्रमहरु संचालन गरिनेछ । साथै टीकापुर क्षेत्रका धार्मिक, सांस्कृतिक, पर्यटकीय, भौतिक पूर्वाधार लगायतका कार्यमा आर्थिक तथा भौतिक सहयोग प्रदान गर्न ईच्छुक संघसंस्था, निजी क्षेत्र, व्यक्ति, व्यवसायीहरुलाई आह्वान गर्दै उक्त क्षेत्रको व्यवस्थापन कार्यमा सार्वजनिक, निजी, साझेदारी अवधारणा अगाडि बढाईनेछ ।

८१. **"टीकापुर शहर, सडक मानव रहित नगर"** कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रभित्र रहेका सहारा विहिन मानवहरुका लागि यथोचित व्यवस्था मिलाइ मानवताको नगर बनाउने अवधारणा अनुरुप सडक मानव रहित नगर घोषणा गर्नका लागि यस क्षेत्रसँग आवद्ध संघ संस्थासँग सहकार्य गरी आश्रय विहिन सडक मानवका लागि यथोचित व्यवस्था मिलाइनेछ ।

८२. युवाहरुको प्रमुख समस्याका रुपमा देखिएको लागु औषध दुर्व्यशन नियन्त्रणका लागि सरोकारवालाहरु संगको समन्वयमा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

८३. यस नगरपालिका क्षेत्रभित्रका "ग" वर्गको अपांगता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुलाई जीवनयापन तथा औषधी उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले आ.व.२०७८।७९ देखि यस स्थानीय तहको तर्फबाट मासिक रु.४००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ साथै अपांगता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण सम्बन्धमा विविध कार्यक्रम संचालन गरिनेछ ।

८४. बालविवाह न्युनिकरण तथा महिला सशक्तिकरणमा टेवा पुऱ्याउन आ.व. २०७६/७७ देखि संचालनमा आएको **हाम्री छोरी, प्यारी छोरी** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८५. टीकापुर नगरपालिका क्षेत्र भित्रका श्रमिक बालबालिकाहरुको समुचित व्यवस्थापन गर्ने, सबै किसिमका बालश्रम अन्त्य गर्ने, बालबालिका माथि हुने सबै किसिमका हिंसा शोषण दुर्व्यवहार अन्त्य गर्ने तथा टीकापुरलाई बालमैत्री नगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८६. जेष्ठ नागरिकहरुको दिनचर्यालाई सहज बनाउन नगरपालिका र सामुदायिक संयन्त्र तथा सरोकारवालाहरुको सहकार्यमा रचनात्मक कार्यहरु संचालन गरिनेछ साथै दिवा सेवा केन्द्र संचालन गरी जेष्ठ नागरिकमा भएका ज्ञान, सिप आदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

८७. लैगिंक हिंसा न्युनिकरणका लागि अशिक्षा, अभाव, अन्धविस्वास र पछौटेपन हटाउन विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनुको साथै लैंगिक हिंसाबाट पिडित तथा प्रभावितहरुलाई संरक्षण तथा पुनस्थापना गर्न लैंगिक हिंसा राहत कोष संचालन गरिनेछ साथै द्वन्द्वपिडित मूक्तकमैया, कमलरी, एकल महिला, दलित, विपन्न वर्गका महिलाहरुका लागि स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

८८. सामाजिक कुरिति तथा हानिकारक अभ्यासहरु (बालविवाह, बहुविवाह, छाउपडी, दाइजो बोक्सी जस्ता) कुप्रथा न्युनिकरणको गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

८९. बैंकिङ्ग प्रणालि मार्फत वितरण गर्दै आईरहेको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्दै थप प्रभावकारी बनाईनेछ ।

९०. स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गरी नगरवासीको आय वृद्धि गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा लामो तथा छोटो अवधिको व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन गरिनेछ ।

९१. टीकापुर क्षेत्रको विशेष पहिचानको रुपमा जोडिएको केरा खेतीलाई प्रवर्द्धन गर्दै केराबाट खाद्य पदार्थ, केराको बोटको रेसाबाट कागज र बेतबाँसबाट विभिन्न सामाग्री उत्पादनका लागि विपन्न वर्गका नागरिकहरुलाई प्रोत्साहन गरी नवीन सीप तथा प्रविधि मार्फत उद्यमशिल बनाइनेछ साथै उत्पादित सामाग्रीको बजार व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ ।

९२. **"विपन्न नागरिकको ओठमा हाँसो - स्थानीय सरकारको प्रमुख चासो"** भन्ने नारालाई सार्थक बनाउन नगरपालिका क्षेत्र भित्र स्थायी रुपले बसोवास गरि रहेका महिला, दलित, राजी, माझी, विपन्न वर्ग र अपांगता भएका व्यक्तिहरूले आफूसँग भएको सोच, सिप र अनुभवका आधारमा लघु उद्यम सञ्चालन गर्न चाहेमा उद्यमशिलता विकास तथा सिप अभिवृद्धि तालिम प्रदान गरी वित्तीय संस्थाहरु मार्फत पुँजीको व्यवस्थापन र अन्य आवश्यक सहयोग प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

९३. **"हाम्रो सहकारी-राम्रो सहकारी"** कार्यक्रम सञ्चालनमा ल्याई कृषि, दुग्ध उत्पादक, बचत तथा ऋण, मुक्त कम्लहरी र महिलाहरुद्वारा सञ्चालित उत्कृष्ट सहकारी संस्था छनौट गरी नमुना सहकारीको रुपमा विकास गरिनेछ ।

९४. **"विपन्नलाई टेवा-सहकारी मार्फत सेवा"** कार्यक्रम सञ्चालन गरी आर्थिक रुपमा विपन्न परिवारका लागि कृषि, पशुपालन तथा अन्य लघु उद्यम गर्न सरल तवरले ऋण उपलब्ध हुने व्यवस्था मिलाइनेछ । सहकारीहरूको तरल पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने प्रवन्ध मिलाउनुका साथै पुँजिको सरंक्षणका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

९५. यस नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको सञ्चालन प्रक्रियालाई व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउदै सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि तालिम, क्षमता विकास, नियमन तथा अनुगमनमा विशेष जोड दिईनेछ ।

९६. स्थानीय सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रवर्द्धन गरिनेछ । सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई जिम्मेवार बनाइने छ । निष्कृय सहकारी संस्थाहरुको एकिकरण/ पुनर्गठन गरी सशक्तिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. कृषिजन्य तथा दुग्धजन्य वस्तुहरूको संकलन, प्रशोधन तथा बजार व्यवस्थापन कार्यलाई प्रोत्साहन गर्न सहकारीको अवधारणामा उद्योगको स्थापना तथा सञ्चालनका लागि विशेष पहल गरिनेछ ।

९८. अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय र विपन्न वर्गका व्यक्तिहरुको आर्थिक अवस्थामा सुधार ल्याउन गरिबी निवारणका लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीको सिर्जना गर्नुका साथै भई रहेका उद्यमीको स्तरोन्नतीका लागि आवश्यकता पहिचान गरी पूनर्ताजगी र अतिरिक्त सिप विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।

९९. बैदेशिक रोजगारमा जाने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ साथै बैदेशिक रोजगारमा जाने र गएका परिवारहरुलाई कोभिड-१९ बाट सिर्जित मानसिक त्रास कम गरी उच्च मनोवल कायम गर्न मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

१००. उत्पादकत्व वृद्धि गर्न पशुपंक्षी तथा मत्स्य विकासमा नश्ल सुधार, पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा उपचार, पशु आहारा/ पोषण सेवा संचालन तथा मत्स्य विकास तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। पशुपंक्षी तथा मत्स्य फार्म दर्ता, तथा नविकरण सहित तथ्यांक अद्यावधिक गरिनेछ । व्यवसायीहरुलाई उत्पादनका आधारमा विशेष सहयोग कार्यक्रमहरु संचालन गरिनेछ ।

१०१. पशु व्यवस्थापन कार्यक्रम अन्तर्गत पशुहरुका लागि खोप केन्द्र स्थापना, पशु हाटबजार, पशुपंक्षी वधस्थल/वधशाला, कृत्रिम गर्भाधान केन्द्र स्थापना गरिनुका साथै पशु बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१०२. स्वरोजगार सिर्जना गर्ने गरी संघ, प्रदेश, स्थानीय स्तर तथा कृषकसँगको साझेदारी कार्यक्रम अन्तर्गत प्रत्येक वडाको सम्भाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरी उत्पादकत्व वृद्धि गरिनेछ र टीकापुर नगरपालिकालाई दुध र मासुमा आत्मनिर्भर गराउन लक्षित कार्यक्रम संचालन गरिनेछ ।

१०३. **"प्राङ्गारीक कृषि पद्धती अपनाऔ, माटो र जिवन बचाऔ"** भन्ने उद्देश्यका साथ कृषि उत्पादन अभिवृद्धि एवम् बजार प्रवर्द्धनमा टेवा पुऱ्याउने, प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्ने, स्थानीय जडिबुटी प्रयोगमा ल्याइ चेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ साथै स्थानीय स्तरमा रोजगारी अभिवृद्धि गर्न मौसमी बेमौसमी तरकारी खेती, केराखेती, फलफूल खेती, खाद्यान्न बाली, कन्ये च्याउ खेती, जस्ता व्यावसायिक कृषि कार्यक्रम संचालन तथा प्रबर्धन गरिनेछ ।

१०४. कृषिमा आधुनिकिकरण ल्याउन **एक वडा एक उत्पादनको अवधारणा,** बाली विकास कार्यक्रम सञ्चालन गरिनेछ र कृषि सम्बन्धि कार्यक्रमहरु कृषक समूह वा सहकारी मार्फत कृषकको माझमा लैजाने, महिला कृषक समूहहरुलाई बढी सक्रिय बनाउने र बीउ विजन उत्पादनको कार्यक्रम ल्याई विउ विजन आपूर्ति गरिनेछ । अर्गानिक खेती तथा व्यवसायिक खेती गर्ने किसानहरुलाई प्रोत्साहित गरिनुका साथै उत्कृष्ट कृषक/समूह/सहकारी कृषकहरुलाई पुरस्कृत गरिनेछ साथै यस क्षेत्रमा उत्पादीत वस्तुलाई वजारीकरण गरि कृषकहरुको आर्थिक उन्नती गर्न सरोकारवालाहरुको सहयोगमा शीत भण्डार निर्माण कार्य अगाडी बढाईने छ ।

१०५. यस नगरपालिकामा उत्पादित खाद्यान्न, तरकारी, फलफुल, नगदेवाली लगायका विभिन्न कृषि उपजहरुलाई बजारीकरण गर्दै कृषकहरुको आयमा बृद्धि गर्ने उद्देश्यले स्थापना भएका कृषि हाटबजारलाई थप प्रभावकारी रुपमा संचालनमा ल्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।

१०६. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि संघ, प्रदेश मातहतका कार्यालय तथा सरोकारवालाहरु संग समन्वय गरी उपभोक्ता जागरण, बजार अनुगमन लगायतका कार्यक्रम गरी बजारमा स्वच्छता कायम गरिनेछ ।

१०७. टीकापुर नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ बमोजिम स्थानीय बजारलाई व्यवस्थित गर्न **नमुना बजार व्यवस्थापन कार्यक्रम** गरिनेछ । यस कार्यक्रमको थालनी नगरपालिकाको सपिगं कम्प्लेक्समा सञ्चालित व्यवसायहरुबाट गरिनेछ ।

१०८. यस नगरपालिका क्षेत्रभित्र उद्यमशिलता विकासका लागि युवाहरुलाई उत्पादनशिल कार्यमा अधिकतम सहभागी गराउने नीति अनुरुप लागत सहभागितामा विविध कार्यक्रमहरु सहित प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ । साथै रोजगारीको प्रत्याभूति दिलाउन सक्ने किसिमका सीप तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम लागत सहभागितामा सन्चालन गर्ने संघ/संस्था/फर्महरु सँग सहकार्य गरि कार्यक्रम संचालन गरिने छ ।

१०९. न्यूनतम रोजगारीको प्रत्याभूति हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११०. नगरपालिकाबाट यस आ.व.मा सञ्चालन भै सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिईने छ ।

१११. रातको समयमा पनि सडकलाई सुरक्षित र सहज बनाउनका लागि **"उज्यालो टीकापुर"** कार्यक्रम मार्फत टीकापुर नगरपालिका क्षेत्रभित्रको दशरथ चन्द पथ र अन्य सार्वजनिक महत्वका चोक चौराहाहरुमा आधुनिक सडक बत्ती जडान गरिनेछ ।

११२. नगरवासीहरुको शान्ति सुरक्षा र अपराध नियन्त्रणमा सहयोग पुर्‍याउनका लागि नेपाल प्रहरी संगको समन्वयमा नगर क्षेत्र भित्रका महत्वपूर्ण स्थानहरुमा सिसि क्यामेरा जडान गरिनेछ ।

११३. नेपालको राजनीतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने जननेता विश्वेश्वर प्रसाद कोइराला र मदन कुमार भण्डारीको स्मृतिमा नामाकरण गरिएका टीकापुर नगरपालिकाको वडा नं.१ को मनमोहन पथमा पर्ने वी.पि.चौराहा र दशरथ चन्द पथमा पर्ने मदन चौराहामा सालिक सहितको चोक निर्माण गरिनेछ ।

११४. नगरको सौन्दर्यलाई बढावा दिन टीकापुर नगरपालिका र जानकी गाँउपालिकाको सीमा स्थीत दशरथ चन्द पथमा स्थानीय कला संस्कृति झल्किने गरि आकर्षक प्रवेशद्वार निर्माण कार्यको थालनी गरिनेछ ।

**११५.** यस टीकापुर नगरपालिकाको कर्णाली नदी तथा वडा नं.७ स्थित मोहना र काँडा नदिको दोभानमा पाइने  विश्वमै दुर्लभ जलचर डल्फिनको संरक्षण गर्दै उक्त क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने उद्देश्यले दशरथ चन्द पथ र हुलाकी राजमार्गमा पर्ने वडा नं.९ को चोकलाई **डल्फिन चोक** नामाकरण गरी उक्त चोकमा डल्फिन प्रतिमा स्थापना गरिनेछ ।

**११६.** टीकापुर नगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने गौरवको आयोजनाको रुपमा रहेको चक्रपथ (Ring Road) निर्माण परियोजना कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्थापनका लागि संघीय सरकार, प्रदेश सरकार र अन्य दातृ निकायहरु संग पहल गरिनेछ ।

**११७. सार्वजनिक तथा सामुदायिक सम्पत्ति संरक्षण तथा व्यवस्थापन कार्यक्रम** :यस नगरपालिका भित्र रहेका सवै सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गाको अभिलेखिकरण तयार पारी त्यस्तो सार्वजनिक महत्वका सम्पत्तिको संरक्षण, व्यवस्थापन र उपयोग सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ । साथै नगरक्षेत्र भित्र रहेका महत्वपूर्ण सडक, चोक, चौराह, सार्वजनिक स्थलको नामाकरण कार्यलाई प्रभावकारी रुपले अगाडि बढाइने  छ ।

**११८.** नगर गौरवको आयोजनाको रुपमा रहेको वडा नं.५ स्थित दौलतपुरघाटमा आधुनिक शवदाह गृहनिर्माण सम्बन्धी आयोजनालाई निरन्तरता दिईनेछ ।

**११९.** यस टीकापुर नगरपालिकाको आफ्नो स्रोतले मात्र सम्पन्न हुन नसक्ने प्राथमिकता प्राप्त आयोजनाहरुको संचालनका लागि संघीय सरकार, प्रदेश सरकार र दातृ निकायहरुसँग साझेदारी गर्नका लागि समपूरक कोषमा आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

**१२०.** विगत लामो समय देखि संचालनमा आउन नसकेको टीकापुर विमानस्थल पूनः संचालनमा ल्याई टीकापुर नगरपालिकालाई हवाई यातायात संजाल सँग जोड्नका लागि पहल गरिएकोमा नेपाल सरकार, नागरिक उड्यन प्राधिकरणको विज्ञ टोलीबाट एअरपोर्ट स्थानान्तरणका लागि सम्भाब्यता अध्ययन भईरहेकोमा व्यवस्थित एयरपोर्ट निर्माणका लागि थप आवश्यक पहल गरिनेछ ।

**१२१.** नगरपालिका भित्र रहेका विस्तृत अध्ययन सम्पन्न भएका वडा नं. ७ स्थीत सत्ती कर्णाली सामुदायिक वन, ओजुवा ताल र वि.पी.निकुन्जको संरक्षण, संवर्द्धन, प्रवद्धनका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।

**१२२.** नेपाल सरकारले शशर्त अनुदानमा तोकेको बाहेकका पूर्वाधार तर्फका आ.व २०७८/०७९ मा सम्झौता भई कार्यान्वयन हुने योजनाहरुमा ग्राभेल तथा माटो पटानी जस्ता कार्य गर्दा ८०:२० र अन्य पुर्वाधार तर्फका योजनाहरुको निर्माण कार्य गर्दा ८५:१५ को अनुपातमा जनसहभागिता गराईनेछ ।

**१२३.** नगरपालिका क्षेत्र भित्र निर्माण गरिने विकास निर्माण सम्बन्धी आयोजनाहरुका साथै भौतिक तथा पूर्वाधार संरचनाहरुको निर्माण गर्दा वातावरणमैत्री, अपांगमैत्री, बालमैत्री तथा महिलामैत्री अवधारणा अनुरुप कार्यान्वयन गर्दै लगिनेछ ।

**१२४.** नगर क्षेत्र भित्रको जग्गाको व्यवस्थित उपयोगका लागि भूउपयोग योजना (Land Use Plan) तयार गरिनेछ ।

**१२५.** आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्न टीकापुर पर्यटन सर्किट (टीकापुर बंगला पार्क, पद्मप्रकाशेश्वर मन्दिर र डल्फिन संरक्षण क्षेत्र) को पूर्वाधार विकासमा जोड दिइनेछ ।

**१२६.** विकास निर्माण कार्यमा ढिलासूस्ती गर्ने कार्यलाई निरुत्साहित गर्दै समयमानै कार्य सम्पादन गर्ने कार्यलाई प्रोत्साहित गर्न तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्क तयार गरी सूचकाङ्कको आधारमा सम्मान गरिनेछ ।

**१२७.** टीकापुर पार्कको गुरुयोजना अनुसार सो को विकास तथा विस्तार गर्ने कार्यलाई प्राथमिकता दिईनेछ तथा न.पा.क्षेत्र भित्रका अन्य पार्कहरुको गुरुयोजना तयार गरी सो अनुसार पूर्वाधार निर्माण कार्यको शुरुवात गरिनेछ ।

**१२८.** मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित बनाउन पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

**१२९.** टीकापुर नगरपालिकाको समग्र विकासका लागि एकिकृत शहरी विकास योजना (IUDP) लागू गर्न संघीय सरकार समक्ष पहल गरिनेछ ।

**१३०.** टीकापुर नगरलाई स्मार्ट सिटी बनाउने लक्ष्यका साथ सोको लागि आवश्यक पर्ने कार्यक्रमहरु तयार गरी क्रमश : कार्यान्वयन गर्दै लगिनेछ । पुर्वाधार निर्माण तर्फका आयोजना संचालन गर्दा बढी भन्दा बढी रोजगार सृजना हुने खालका तथा श्रममुलक आयोजना छनौट तथा कार्यान्वयनमा जोड दिईनेछ ।

**१३१.** यस टीकापुर नगरपालिकाका सम्पूर्ण वडालाई दीगो सडक सञ्जालसँग जोड्न प्रत्येक वडामा कालोपत्रे सडक पुऱ्याउने लक्ष्य अनुरुप **"एक वडा एक गौरवको सडक योजना"** कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता प्रदान गरिनेछ ।

**१३२.** नगरक्षेत्र भित्र निर्माण हुने पूर्वाधारहरुमा प्रयोग हुने निर्माण सामाग्रीको गुणस्तर लगायत निर्माण कार्यको गुणस्तरियता सुनिश्चीत गर्नका लागि गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

**१३३.** नगरपालिका क्षेत्र भित्रका २९६ विपन्न घर परिवारलाई सुरक्षित आवास कार्यक्रम मार्फत सहयोग प्रदान गरिनेछ ।

**१३४.** संघीय सरकार संगको लागत साझेदारीमा टीकापुर नगरपालिकाको वडा नं.५ को सुक्लिपुर टोल र वडा नं.६ को पर्सेनीमा रहेका दलित बस्तीहरुमा विपन्न दलित घरपरिवारका लागि आवास गृह निर्माण गरिनेछ ।

**१३५.** सडक क्षेत्रको व्यवस्थित विकासका लागि आगामी आ.व. भित्रै नगरपालिकाको यातायात गुरुयोजना (MTMP) निर्माण गरिनेछ ।

**१३६.** टीकापुर बृहत् उद्यान (बंगला पार्क) को दिर्घकालीन उपयोग, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारीमा सञ्चालनका लागि विस्तृत संभाव्यता अध्ययन गरिनेछ ।

**१३७.** न.पा.का नियमित वार्षिक योजना तथा दातृ निकायसंगको साझेदारीमा जलवायू समानुकुलित विकास योजनाहरु (CRDP) सञ्चालन गर्दै नगरस्तरीय भौतिक पूर्वाधारका योजनाहरुलाई जलवायु अनुकुलमैत्री बनाउन जोड दिईनेछ । साथै वातावरण संरक्षण ऐन, २०७६ ले निर्दिष्ट गरे बमोजिम जलवायु परिवर्तनको प्रतिकुल असर र जोखिमबाट बच्नको लागि स्थानीय अनुकुलन योजना (LAPA) बनाई कार्यान्वयन गरिनेछ ।

**१३८.** प्राकृतिक प्रकोपका हिसावले जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धधन गरिने छ । बाढी तथा डुवानको जोखिममा रहेका स्थानहरु तथा वस्तीहरुको सुरक्षाका लागि संकटासन्न क्षेत्रमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ । बाढी तथा डुवानका कारणले संकटासन्न क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित उच्च भवन तथा अन्न भण्डारण केन्द्र निर्माणका लागि प्रेरित गर्नुका साथै विभिन्न निकायहरुमा सहयोगका लागि यथोचित पहल गरिनेछ ।

**१३९.** दीगो विकास लक्ष्य अनुरुप नागरिकको स्वच्छ खानेपानीको उपभोगमा समान पहुंच कायम गर्नका लागि खानेपानी सेवा विस्तार सहित शुद्ध खानेपानीमा आम नगरवासीको सहज पहुँचलाई वृद्धि गर्न सरोकारवाला संघ संस्थाहरु संगको सहकार्यमा थप कार्यक्रम संचालन गरिनेछ ।

**१४०.** टीकापुर नगरपालिका क्षेत्र भित्रका संघ संस्था तथा विद्यालयहरुलाई नगरको सरसफाई कार्यमा सक्रिय सहभागिता गराईनेछ र टीकापुर नगरपालिकामा प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्दै लगिने छ ।

**१४१.** वाढी, डुवान, हावाहुरी, आगलागि, भूकम्प, झाडापखाला, महामारी, चट्टयाङ, आदिको जोखिम, असर र यसको न्यूनिकरण तर्फ जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । स्थानिय विपद् तथा जलवायु परिवर्तन उत्थानशिल समितिको अर्थपूर्ण सहभागीतामा **विपद् तथा जलवायु उत्थानशिल योजना** बमोजिम सरोकारवाला निकायहरुको समन्वय एवम् सहकार्य गरिने छ, साथै विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न पालिका, वडा र समुदाय स्तरमा रहेका **विपद् तथा जलवायु उत्थानशिल समितिहरुको** क्षमता अभिवृद्धि गरिने छ ।

**१४२.** औद्योगिक, हस्पिटल, रासायनिकजन्य फोहरको ब्यवस्थापन सम्बन्धित पक्षलेनै गर्नुपर्ने नीति लिईनेछ सोको लागि आवश्यक सहजीकरण नगरपालिकाबाट गरिनेछ । साथै सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई निरुत्साहित गर्न प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ

**१४३.** वन्यजन्तु र तिनको बासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकतामा राखिने छ । वनमा संलग्न समुह लगायत अन्य नगरबासीको समेत वनजंगल एवं जैविक विविधता संरक्षण सम्बन्धी चेतनास्तर बढाउन उपयुक्त कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।

**१४४.** जलसम्पदाहरूको दीगो संरक्षणमा समुदायको सहभागितालाई बढावा दिइने तथा संस्थागत क्षमता र समन्वय वृद्धि गरिने । साथै जलस्रोतको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**१४५.** नगरपालिकाको कामकारबाही विकास निर्माण तथा सेवा प्रवाहको सम्बन्धमा जनताको गुनासो, सुझाव, जिज्ञासा तथा अपेक्षाहरुको सम्बोधन गरी सेवा प्रवाहमा नागरिक संलग्नता अभिबृद्धि गरिनेछ । सुशासनका औजारहरुको प्रयोग गर्दै जवाफदेहि र उत्तरदायी संगठनात्मक संयन्त्रको निर्माण गर्न थप जोड गरिनेछ ।

**१४६.** सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, चुस्त, सरल, पारदर्शी र प्रभावकारी बनाई आम नगरवासीको स्थानीय सरकार प्रति अपनत्व र विश्वसनीयता बढाउन सार्वजनिक शासनको नीतिगत, कानुनी, संस्थागत एवं मनोब्यवहारिक पक्षमा सवलीकरण तथा निरन्तर सुधार गर्दै लगिनेछ ।

**१४७.** सेवाभावका साथ कार्य सम्पादन गर्न कर्मचारीलाई आवश्यक कार्यवातावरण, प्रोत्साहन र उत्प्रेरित गर्ने वातावरण सृजना गरिनेछ । यस स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता विकास योजनाका आधारमा विभिन्न कार्यक्रमहरु संचालन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ ।

**१४८.** प्रभावकारी रुपमा कार्य संचालन गर्ने वातावरण सृजना गर्न समयसापेक्ष रुपमा सँगठन विकास योजना सहित कार्यालयको संगठन ढांचामा संशोधन गरिनेछ । आवश्यकता अनुरुप दरबन्दि सृजना गरिनेछ । कर्मचारीहरुले प्राप्त गर्ने सेवा, सुविधामा एक रुपता कायम गरिनेछ साथै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा यस नगरपालिकालाई आवद्द गराईनेछ ।

**१४९.** जनताको गुनासाहरुको यथोचित सम्बोधन गरी नगर सरकार र जनताबीच आपसी विश्वास, समन्वय र सम्बन्ध बढाउने उद्देश्य साथ संचालित जनतासँग मेयर, उपमेयर कार्यक्रमलाई आगामी वर्षमा निरन्तरता दिदै जनताको गुनासो सुन्ने र समाधान गर्ने ब्यवस्थालाई संस्थागत रुपमानै थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१५०. टीकापुर नगरपालिकाको हाल कायम रहेको वडाको संरचना अवैज्ञानिक देखिएको र विकास निर्माण तथा सेवा प्रवाहमा सहजता प्रदान गर्न प्रशासनिक तथा भौगोलिक रुपमा वडा विभाजन गर्ने प्रक्रिया शुरु गरिएकोमा प्राथमिकताका साथ वडा विभाजन सम्बन्धी कार्य अगाडि बढाईनेछ ।

१५१. टीकापुर क्षेत्रका स्थायी बासिन्दा रही शिक्षा, खेलकुद, कला, संगीत, साहित्य, पत्रकारिता, खोज, अनुसन्धान लगायतका विभिन्न विधा र विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याती र प्रतिष्ठा कमाई टीकापुरको चिनारी बढाउन योगदान दिने व्यक्तित्वहरुलाई प्रोत्साहन र सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५२. सुशासन लोककल्याणकारी संदेशमूलक सूचना तथा संदेशहरु  रेडियो तथा पत्रपत्रिका मार्फत सम्प्रेशण गरिने ब्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारहरुको दक्षता अभिवृद्धिका लागि सञ्चार सामाग्री खरिद गर्न आवश्यक सहयोग गरिनेछ । साथै नागरिक समाज, पत्रकार, विभिन्न क्षेत्रमा आवद्ध पेशाकर्मी तथा व्यवसायीहरु आदिको भूमिकालाई सशक्त बनाउन आवश्यक सहकार्य र समन्वय गर्नुका साथै क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु गरिनेछ ।

१५३. टीकापुर नगरपालिका क्षेत्रलाई कार्य क्षेत्र बनाई विभिन्न कार्यक्रम संचालन गर्ने तथा गर्दै आई रहेका विभिन्न सामुदायिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ,संस्था तथा निजी क्षेत्रको उचित परिचालन तथा व्यवस्थापनका लागि आवश्यक समन्वय गरिनेछ साथै निश्चित कार्यविधि बनाई नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

१५४. राजश्व प्रभावकारी परिचालनका लागि राजश्वको दायरा बढाउने तथा नया क्षेत्रको पहिचान गर्नुका साथै बढी भन्दा बढी ब्यवसायीहरुलाई कर बुझाउन प्रेरित गर्नेगरी विविध कार्यक्रम सहित कर सप्ताह, कर जागरण अभियान संचालन गरिनेछ ।

१५५. वडा कार्यालय तथा नगरपालिकाबाट सेवा प्रवाह गर्दा नगरपालिकामा तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता भए पछी मात्र सेवा प्रवाह गर्ने ब्यवस्था मिलाईनेछ । प्रभावकारी कार्य योजना बनाइ कर संकलन गर्ने आवश्यक ब्यवस्था मिलाईनेछ ।

१५६. छिमेकी स्थानीय तहहरुसँग आपसी सम्पर्क र समन्वय विस्तार गरी असल अभ्यासको अनुभव आदान प्रदान र विकास प्रयासमा साझेदारीको सम्भावनाको खोजी गरिनेछ साथै नगरको विकासमा सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्वन गरिनेछ  ।

१५७. यस नगरपालिकामा रहेका स्रोत साधनहरुको खोजी गरी उचित रुपमा परिचालन गर्न तथा दिगो विकासको लक्ष्य हासिल गर्न यस नगरपालिकामा निजी क्षेत्रलाई आकर्षित गरी लगानी भित्र्याउन आगामी आ.व.मा लगानी सम्मेलन कार्यक्रमको आयोजना गरिनेछ ।

१५८. नगरपालिकाको सूचना तथा अभिलेख प्रणालीलाई व्यवस्थित बनाई आर्थिक, सामाजिक, सांस्कृतिक, जनसांख्यिक, प्रशासनिक तथा प्राकृतिक स्रोतसँग सम्बन्धित तथ्याकंहरुको उत्पादन, संकलन, प्रशोधन , संरक्षण र सम्प्रेषण तथा वितरण कार्यलाई ब्यवस्थित बनाउदै लगिनेछ साथै स्थानीय तथ्यांक व्यवस्थापन प्रणाली स्थापना गरी घरधुरी तथ्यांक तथा संस्थागत सूचनाको प्रभावकारी उपयोग र नियमित अध्यावधिक गर्न आवश्यक व्यवस्था मिलाइने छ भने स्थानीय तथ्यांक व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधि शाखालाई थप क्रियाशिल र क्षमतायुक्त बनाइनेछ ।

१५९. सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्दै प्रभावकारी रुपमा संचालन गरिनेछ । पारदर्शि रुपमा थप व्यवस्थित गरी संचालन गर्न लगत अद्यावधिकका लागि विशेष अभियान संचालन गरिनेछ साथै सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१६०. न्यायपूर्ण एवं दिगो भूमि व्यवस्था सहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपाल निर्माणका लागि भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीहरुको भूस्वामित्व सुनिश्चित गर्दै न्यायपूर्ण भूमि ब्यवस्था स्थापित गर्ने लक्ष्यमा टेवा पुगोस भन्ने हेतुले यस नगरपालिका क्षेत्र भित्र रहेका भूमिहीन सुकमबासी तथा अब्यवस्थित बसोवासीहरुको ब्यवस्थापन सम्बन्धी कार्य अगाडि बढाईनेछ ।

१६१. आदिबासी थारु समुदायको प्रथाको रुपमा विकास भएको बडघर प्रथालाई जीवन्त राख्न यस नगरपालिका क्षेत्र भित्र बडघरहरुको क्षमता अभिवृद्धि सम्बन्धी विविध कार्यक्रमका साथै बडघर सम्मेलन सञ्चालन गरिनेछ । साथै लोपोन्मुख तथा अल्पसंख्यक समुदायको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु ,**

१६२. यस टीकापुर नगरपालिकाको आ.व.२०७८/७९ को नीति तथा कार्यक्रमले वर्तमान अवस्थामा विश्वमा नै देखा परेको कोभिड-१९ सँग सामना गर्दै रोजगारीका अवसरहरु सृजना हुने गरी विकासका प्राथमिकता र बजेट तर्जुमाको आधार प्रस्तुत गरेको छ ।

१६३. यस नीति र कार्यक्रमको कार्यान्वयनको निम्ति प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई टीकापुर नगरपालिका अगाडी बढ्ने विश्वास दिलाउँदै नीति, कार्यक्रमको सफल कार्यान्वियनमा यहाँहरु सबैको साथ र सहयोग निरन्तर रहनेछ भन्ने अपेक्षा गरेकोछु ।

१६४. अन्त्यमा, यस नीति तथा कार्यक्रम तर्जुमा गर्न विभिन्न विषयगत समितिहरु, विभिन्न राजनीतिक दल, निजी क्षेत्रका उद्योगी व्यापारी, प्राज्ञिक क्षेत्र, पूर्व जनप्रतिनिधि, समाजका लब्ध प्रतिष्ठित व्यक्तित्वहरु, संचारकर्मी, विषय विज्ञहरुबाट प्राप्त सुझावका लागि पनि धन्यवाद दिन चाहन्छु । टीकापुर नगरपालिकाको दैनिक कार्य सञ्चालनमा आफ्नो ज्ञान, सिप र सेवाभाव लगाइरहनु भएका सम्पूर्ण कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु । विकास र नीतिगत तहमा सहकार्य गर्दै आएको संघ र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । अब

यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा पनि यसैगरी सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद ।**